नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरातत्त्व विभाग

(खरिद इकाई)

रामशाहपथ, काठमाडौं

पत्र संख्याः- २०८३/०८४

## मौजुदा सूचि दर्ता गर्ने सम्बन्धी सूचना!

(प्रकाशित मितिः २०८३/०६/०५ गते)

पुरातत्त्व विभागको लागि आ.व. २०८३/०८४ मा आवश्यक तपसिलमा उल्लिखित वस्तु तथा सेवा आपुर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसूची-२ (क) बमोजिमको ढाँचामा मौजुदा सूची दर्ता गराउनुहुनको लागि देहायका शर्तसहित यो सूचना प्रकाशन गरिएको छ। निवेदन दर्ता भौतिक रुपमा कार्यालयमा उपस्थित भई वा यस कार्यालयको इमेल ठेगाना info@doa.gov.np माफत पनि गर्न गराउन सकिनेछ।

खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरुः

| समूह/उपसमुह | सूचिकृत गर्नुपर्ने कार्यहरु | |
|---|---|---|
| *A* | *खरिद तथा आपूर्ति तर्फ* | |
| A1 | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु। |
| A2 | छपाइ सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धी |
| A3 | पत्रपत्रिका तथा पुस्तक सम्बन्धी | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई बिक्री वितरण गर्ने सम्बन्धी |
| A4 | फर्निचर तथा फिक्चर्स सम्बन्धी | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु |
| A5 | इलेक्ट्रिोनिक्स उपकरणहरु र विद्युतीय सामानहरु | टेलिफोन, कम्प्युटर, स्मार्ट बोर्ड, प्रिन्टर, फोटोकपी मेशीन, फयाक्स मेशीन, यूपिएस जस्ता उपकरणहरु। हिटर, पंखा, तार, स्वीच, विजुलीका बल्ब, ट्युबलाईट तथा विद्युतीकरणका लागी आवश्यक विविध सामग्रीहरु। |
| A6 | सवारी साधन तथा सो का पार्ट पुर्जा | मोटरसाइकल, साइकल तथा गाडीका टायर, ट्युब तथा अन्य पार्ट पूर्जाहरु आपूर्ति तथा फिटिङ्ग सम्बन्धी । |
| A7 | विज्ञापन, सूचना प्रकाशन तथा प्रसारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी । |
| A8 | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन तथा सूचना तथा तथ्याङ्क भण्डारण, विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफटवेयर, प्रोग्रामहरुको आपूर्ति सम्बन्धी । |
| A9 | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा वा टेलिफोन र सो सम्बद्ध सेवाहरु। |

| | | |
|---|---|---|
| A10 | खानेपानी आपूर्ति तथा धारा जडान सम्बन्धी कार्यहरु | मिनरल वाटर ( जार तथा बोतल) आपूर्ति, टेंकरबाट खानेपानी आपूर्ति गर्ने वा खानेपानीका लागी इनार, ट्युबवेल, धारा आदि जडान गर्दा गर्नुपर्ने पाइप फिटिङ्ग सम्बन्धी । |
| A11 | सरसफाइ (Sanitation) का सामानहरु | शौचालय, धारा निर्माण एवं सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु। |
| A12 | सामानहरु मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी । |
| A13 | नेटवर्किङ सम्बन्धी कार्यहरु | कम्प्युटर नेटवर्किङ (LAN, WAN) सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु। |
| A14 | खाद्यान्न आपूर्ति | खाना/खाजा प्याकेट, फलफुल/जुस, बिस्कुटहरु, चिनी, चियापत्ति तथा सो सम्बन्धी खाद्य वस्तुहरु। |
| ***B*** | ***परामर्श तथा अन्य सेवा*** | |
| B1 | अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी । |
| B2 | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेशन, टोनर रिफिलिङ्ग आदि सम्बन्धी । |
| B3 | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर निर्माण, एप्लिकेशन तथा वेवसाइट निर्माण सम्बन्धी । |
| B4 | तथ्याङ्क प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा तथ्याङ्क प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका । |
| B5 | रंगरोगन तथा सजावट सम्बन्धी कार्यहरु। | भवन, झ्याल ढोका, फर्निचर, काठ तथा विभिन्न संरचना र कम्पाउन्डमा रंगरोगन गर्ने तथा पर्दा कार्पेटिङ्ग, फलोरिङ्ग आदि सम्बन्धी । |
| ***C*** | ***निर्माण व्यवसाय*** | |
| C1 | सार्वजनिक निर्माण मर्मत सम्बन्धी कार्यहरु | भवन, मठ, मन्दिर, गुम्बा, सत्तल जस्ता पुरातात्विक, सांस्कृतिक सम्पदा जिर्णोद्वार, पुनर्निर्माण र निर्माणकै हैसियतमा मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी । |

<u>शर्तहरु:</u>

१. खरिद कार्यको समुह/उपसमुह अनुसार छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्ने छ।

२. रित नपुगी आएका निवेदनहरुलाई मान्यता दिईने छैन।

३. प्राप्त दरखास्तहरु सूचीकृत गर्ने/नगर्ने अधिकार यस विभागमा सुरक्षित रहनेछ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु( देहायका सबै कागजात नोटरी गरेको हुनुपर्नेछ ।)**

१. संस्था दर्ता भएको र नविकरण भएको प्रमाणपत्रको छायाँप्रति,

२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति,

३. मू.अ.कर दर्ताको प्रमाणपत्रको छायाँप्रति (मू.अ.करमा दर्ता हुनेको हकमा)

४. आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति,

५. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाईएको स्वयं घोषणाको निवेदन।

६. व्यवसायिक इजाजत नविकरण भएको प्रमाणपत्रको छायाँप्रति।

विज्ञको हकमा (देहायका सबै कागजात नोटरी गरेको हुनुपर्नेछ ।)

१. व्यक्तिगत विवरण(CV)

२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

३. योग्यताको प्रमाण पत्रका प्रतिलिपि